श्री सम्पादकज्यू,
बिजमान्डु डट कम
थापाथली, काठमाडौं।

**विषयः खण्डन प्रकाशित गरिदिनेबारे।**

तपाईंको सम्पादकत्वमा रहेको बिजमान्डु डट कम नामक अनलाइन पत्रिकामा २०८२ मंसिर ९ गते १५:२४ (Nov 25, 2025) लिंक https://bizmandu.com/content/20251125152421.html रहेको **'प्रधानमन्त्री कार्कीको अनुहारमा दाग लगाउँदै आदर्श, एकपछि अर्को नियुक्तिमा कमिसन डिल'** शीर्षकमा सविन ढकालका नामबाट प्रकाशित सामग्रीप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त सामग्रीमा आधारहीन रुपले मेरो व्यक्तिगत चरित्रहत्या गर्नुका साथै सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूको पनि मानहानि गर्ने र दुषित मनसाय तथा बदनियतपूर्वक तथ्यहीन आरोप र लाञ्छनाहरु लगाइएका छन्।

समाजमा भ्रम फैलाउने गरी उक्त सामग्रीमा लगाइएका आरोपहरु तथ्यसहित पुष्टि गर्न सम्बन्धित **संवाददाता, सम्पादक र सञ्चारगृहलाई चुनौती दिन्छु-**

१- नेपाल प्रहरीको महानिरीक्षक नियुक्तिमा कुन उम्मेदवारसँग मैले कहिले कहाँ कति रकमका लागि बार्गेनिङ गरें? उक्त नियुक्ति बार्गेनिङअनुरुप नै भयो कि फरक भयो? बार्गेनिङअनुरुप नै निर्णय भएको हो भने कति रकम लेनदेन भयो?

२- नेपाल वायु सेवा निगमका निवर्तमान कार्यकारी अध्यक्ष युवराज अधिकारीसँग कथित डिल गरेको भन्ने आधार र प्रमाण के हो?

३- लुम्बिनी विकास कोषको सदस्य सचिव नियुक्तिमा चलखेल गरेको भनी गोश्वारा आरोप लगाइएको छ। त्यसमा मबाट केकस्तो चलखेल भयो? मैले सम्बन्धित पक्षबाट लिनुखानु केही गरें कि? कुनै तथ्य र प्रमाण नराखी विशुद्ध लाञ्छना मात्र लगाउने किसिमले यस खालका सामग्री प्रकाशित गरी सामाजिक सञ्जाल र अन्य विद्युतीय प्लाटफर्ममा फैलाउन कुन कानुनले छुट दिएको छ?

४- सर्वोच्च अदालतमा रहँदा मैले पदीय मर्यादा र आचरणविपरीत कुनै काम गरेको भए साधिकार निकायहरुले छानबिन र कारबाही गरेको हुनुपर्ने हो। नेपालको न्यायिक इतिहासमै उच्च निष्ठामा

Scanned with CamScanner

रहनुभएका सम्माननीय प्रधानन्यायाधीशज्यूहरुसँग स्वच्छतापूर्वक काम गर्ने अवसर पाएकोमा मलाई गौरवको अनुभूति हुन्छ। समाजमा निष्कलंक छवि बनाउनुभएका न्यायमूर्तिहरुले पनि मेरो आचरण खराब थियो भने पक्कै पनि संवेदनशील कामको जिम्मेवारी दिनुहुने थिएन।

सम्माननीय प्रधानमन्त्रीज्यूले न्यायपालिकादेखि हालसम्म चाल्नुभएका भ्रष्टाचार र बेथितिविरुद्धका कदमबाट अत्तालिएर विभिन्न प्रकारले प्रहार गर्ने षड्यन्त्रअन्तर्गत अनर्गल प्रचारमा प्रतिष्ठित सञ्चार माध्यम दुरुपयोग हुनु खेदजनक र भर्त्सनायोग्य छ।

सम्पादकज्यू, यदि ममाथि लगाइएका आरोप पुष्टि गर्ने कुनै ठोस आधार र प्रमाण छन् भने सार्वजनिक गर्न म चुनौती दिन्छु। नभए व्यावसायिक पत्रकारको आचार संहिताबमोजिम आधारहीन आरोहरुको खण्डन गरी सोही सामग्री रहेकै स्थानमा क्षमायाचना प्रकाशित गर्न अनुरोध गर्दछु। अन्यथा मेरो चरित्रहत्याविरुद्ध कानुनी उपचार खोज्न बाध्य हुनेछु।

आदर्शकुमार श्रेष्ठ
काठमाडौं।
हाल: सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख स्वकीय सचिव
मिति २०८२-०८-०९

Scanned with CamScanner